संवत् २०८१ साल मंसिर ६ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ००५/२०८१/२०८२

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | विपद व्यवस्थापन/ योजना महाशाखा | गत २०८१ असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण आएको विपदबाट सडकलगायतका पूर्वाधारहरुमा भएको क्षतिको पुर्ननिर्माणका लागि पूर्वस्वीकृत योजना संशोधन गर्न विपदबाट भएको क्षतिको विवरणसहित यहि २०८१ मंसिर मसान्तसम्म सबै वडाले थाहा नगरपालिका योजना शाखामा पेश गर्ने । |
| २. | राजश्व शाखा | स्थानीय राजश्व परामर्श समिति थाहा नगरपालिकाले आगामि आर्थिक वार्षिक २०८२/०८३ का लागि प्रक्षेपन गरी पेश गरेको अनुमानित आयव्यय अनुमोदन गर्ने । |
| ३. | योजना महाशाखा | थाहा नगरपालिका क्षेत्रमा निर्माणाधिन तपसिल बमोजिमको योजनाहरुको लागि २०८१ फागुन मसान्तसम्मका लागि म्यद थप गर्ने ।<br>• बाराहीचौर सडक स्तरोन्नति (पहिलो)<br>• कुलगाउँ कुन्छाल भित्री सडक स्तरोन्नति (दोश्रो)<br>• बाराहीचौर सडक स्तरोन्नति (दोश्रो)<br>• गहतो खोलाखर्क सडक स्तरोन्नति (दोश्रो) |
| ४. | प्रशासन /स्वास्थ्य शाखा | पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा कामकाज शुरु गरेको मितिदेखि लागूहुने गरी तपसिलका मेडिकल अधिकृतहरुलाई करार नियुक्ति दिने ।<br>• डा. श्री सम्झना योन्जन<br>• डा. श्री अशेश्वर यादव |
| ५. | स्वास्थ्य शाखा | थाहा नगरपालिका-४ क्याम्पाडाँडामा जडान भइ सञ्चालनमा रहेको अक्सिजन प्लान्टको सर्भिसिङ र मर्मत गर्ने । |
| विविध क. | प्रशासन शाखा | थाहा नगरपालिका अन्तर्गत रही सेवामा रहेका कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको कडा रोग लागेको खण्डमा एक पटकका लागि रु.५०,०००/- (पचास हजार) सहयोग उपलब्ध गराउने । |
| ख. | कानून/सूचना शाखा | करार कर्मचारी बिमा सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने । |
| ग. | योजना/आर्थिक प्रशासन शाखा | सडक बोर्ड नेपालसंगको समपुरक अनुदानबाट यस थाहा नगरपालिकाको दामन-डाँडाबास सडक मर्मत गर्ने, सो का लागि नगरपालिका तर्फको समपुरक कोष शीर्षकबाट सडक बोर्ड नियमावली, २०६० बमोजिम रु.१४,१०,०००/- साँझेदारी गर्ने । |
| घ. | स्वास्थ्य/आर्थिक प्रशासन शाखा | थाहा नगरपालिकाले सञ्चालन गर्दै आएको अक्सिजन प्लान्टका लागि डिस्टिल वाटर उत्पादन गर्न निःशर्ततर्फको स्वास्थ्य करार कर्मचारी तलब शीर्षकबाट डिस्टिल वाटर प्लान्ट खरिद गर्ने । |
| ङ. | कृषि विकास शाखा | थाहा नगरपालिका कृषि विकास शाखाबाट कृषियन्त्र, उपकरण र कृषिजन्य सामाग्रीमा अनुदान दिनका लागि आर्थिक विकास समितिबाट पेश भएको दररेट अनुमोदन गर्ने । |
| च. | प्रशासन/सूचना शाखा | थाहा नगरपालिकाले मायाको चिनो आव्हान गरेकोमा पुरस्कार दाबी गर्नका लागि पेश भई आएका मध्ये *फ्रेमसहितको नगरपालिकाको नक्शा भएको र चौकोश फ्रेम र रुपचन्द्र विष्टको तस्वीर* भएको मायाँको चिनो छनोट गर्ने तथा अन्य सहभागीहरुलाई परल मूल्य दिई पेश भएका नमुनाहरु नगरपालिकामा नै राख्ने । |
| छ. | प्रशासन/स्वास्थ्य शाखा | आग्रा स्वास्थ्य चौकी, थाहा-८ मा अ.हे.ब. (सहायक चौथो) रिक्त रहेकोमा स्वास्थ्य संस्था व्यवस्थापन समितिबाट निर्णय भई पेश हुन आएको अ.हे.ब. (सहायक चौथो) श्री सविना कार्कीलाई निर्णय मितिदेखि लागू हुने गरी करार नियुक्ति दिने । |

| | | |
|---|---|---|
| ज. | प्रधानमन्त्री रोजगार कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शनबमोजिम प्राथमिकतामा परेका ४० जना बेरोजगार व्यक्तिहरुका लागि सडक मर्मत तथा संभार सम्बन्धी सीप विकास तालिम सञ्चालन गर्ने । |
| झ. | आर्थिक प्रशासन/प्रधानमन्त्री रोजगार कार्यक्रम | वैदेशिक रोजगारीबाट फर्केकालाई रिटनिज प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुबाट मात्र सञ्चालित फर्म, कम्पनी, सहकारी र सामुदायिक/गैरसरकारी संस्थासंग नगरपालिकाको ६० प्रतिशत साँझेदारी हुने गरी प्रस्ताव आव्हान गर्ने । |
| ञ. | खरिद/क्षयरोग निवारण कार्यक्रम | गतवर्ष **Catalogue Shopping** बाट गरिने **Supply, Delivery and installation of portable X-Ray** को बोलपत्र कागजातमा व्यवस्था भएको **The Purchaser reserves the right to accept of Reject the proposal without assigning any reason whatsover** को अधिनमा रही खरिद कार्य रद्द गर्ने । |
| ठ. | प्रशासन शाखा | यस थाहा नगरपालिकामा निर्माण भइरहेको कोल्डस्टोरका लागि नेपालमा निर्माण भएका कोल्डस्टोर र भारतमा बन्ने सामाग्री निरीक्षणका लागि यस थाहा नगरपालिकाका नगर प्रमुखको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, निर्माण व्यवसायी र परामर्शदाताहरुसहितको टोली अवलोकनमा जाने । |

(हिरेन्द्र कुमार रायमाझी)

प्रवक्ता